वैठक संख्याः- ५१औं

वैठक मितिः- २०७७/१२/१९

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः–२०७७/१२/११

प्रस्ताव नं. १

विषयः– चालु आ.व. का कार्यपालिकाबाट भएका निर्णयहरूको कार्यान्वयन प्रगति समिक्षा।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

चालु आ.व.का शुरू देखि हालसम्मका नगर कार्यपालिका बैठकहरुमा भएका निर्णयहरूको कार्यान्वयन तथा प्रगति समिक्षा गर्दा मात्र निर्णयहरूको कार्यान्वयन र प्रगतिका विषयमा अनुगमन हुन सक्दछ। यसले नगर कार्यपालिकाको कार्यसम्पादन र स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कनमा समेत प्रभाब पार्ने हुन्छ। यसले क्षमता विकासमा प्रभाव पार्ने रहेछ। निर्णय कार्यान्वयनप्रतिको उदासिनता कम हुने देखिन्छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

स्थानीय सरकारको संस्थागत क्षमता स्वमूल्याङ्कनमा समेत यो सूचक रहेकोले सो कार्यसम्पादन गर्नु अनिवार्य छ। निर्णयहरूको कार्यान्वयन स्थिति कार्यपालिकाले नियमित जानकारी पनि राख्नपर्ने हुन्छ। नागरिक प्रतिका दायित्व निर्वाह गर्न निर्णय गर्ने तर कार्यान्वयन नगर्ने परिपाटीको अन्त गर्दछ। यसले पारदर्शितालाई समेत प्रवर्द्धन गर्दछ। कार्यान्वयन नभए किन नभएको विश्लेषण गरी सुधार गर्नुपर्ने। कार्यान्वयनको लागि सम्बन्धित पक्ष जिम्मेवार बन्ने वनाउने विषयमा सुधार हुन्छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

निर्णय गरेर निर्णय कार्यान्वयनप्रतिको उदासिनता कम हुने। नियमित अनुगमन हुने। सेवा प्रवाहमा सुधार हुने। कार्यान्वयनको गति बढ्ने। नियमित समिक्षा भइ सुधारको गुञ्जायस रहने। आगामी बैठक देखि नियमित समिक्षा गर्ने। निर्णय प्रति सरोकार राख्ने सम्बन्धित पदाधिकारी तथा कर्मचारी वा सेवाग्राहीलाई जिम्मेवार बनाउने सकिने।

४. निर्णय हुनुपर्ने व्यहोराः

क) चालु आ.व.मा भएका निर्णयहरूमध्ये अधिकांश कार्यान्वयन भएका छन। कार्यान्वयन नभएका निर्णयहरू यथाशिघ्र कार्यान्वयन गर्दै जाने र प्रगति समिक्षा नियमित गर्ने।

ख) सम्बन्धित पदाधिकारी, कर्मचारी वा सरोकारवालालाई कार्यपालिकाको निर्णयहरूको कार्यान्वयनका लागि जागरूक बनाउने।

ग) अघिल्लो कार्यपालिकाको बैठकमा भएका निर्णयहरूको कार्यान्वयन स्थिति पछिल्लो बैठकमा देहायको स्वरूपमा तयार गरी नियमित पेश गर्न सम्बन्धित शाखा वा पदाधिकारीलाई निर्देशन गर्ने।

| सि.नं. | बैठक संख्या र निर्णय मिति | निर्णयको संझिप्त व्यहोरा | कार्यान्वयन स्थिति | कार्यान्वयन कर्ता | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

वैठक संख्याः- ५१औं वैठक मितिः- २०७७/१२/१९

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः–२०७७/१२/११

प्रस्ताव नं.- २

विषयः– दोश्रो चौमासिक प्रगति समिक्षा सम्बन्धमा ।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

नगरको विकास निर्माण लगायत सेवा प्रवाह र आय व्ययको विषयमा आवधिक समिक्षा हुन पर्दछ । समस्या पहिचान र तिनको सुधार निरन्तर प्रकृया हो । नगरपालिकाको समग्र कार्यक्रमहरूको आवधिक समिक्षा गरी सवालहरूको पहिचान र त्यसको सुधार गर्न कार्ययोजना निर्माण गर्न जरूरी छ । स्थानीय सरकार संचालन ऐनमा सबै कामहरूको अनुगमन नियमन र मूल्याङ्कन तथा सुधारका लागि नीति कानून मापदण्ड वनाउने जिम्मेवारी कार्यपालिकालाई दिएको छ ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

आवधिक समिक्षा गर्दै सुधार गर्नपर्ने कुरा योजना तर्जुमा सम्बन्धी निर्देशिकाले निर्देशित गरेको छ । कार्यसम्पादनमा भएका कमजोरी पहिचान गरी नियमित सुधार गर्नुपर्छ । दोश्रो चौमासिक सम्म आइपुग्दा पुँजीगत खर्च २२ प्रतिशत र चालु खर्च २८ प्रतिशत रहेको छ । योजनाहरू पनि बार्षिक कार्ययोजना र खरिद योजना मुताविक हुन सकेको छैन । स्थिति प्रस्तुती, समिक्षा, समस्या पहिचान, र समस्याको संवोधनका लागि सुधारका कार्ययोजना नबनाई सुधार गर्न सकिन्न ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

हरेक चौमासिकमा मातहत निकायबाट कार्यसम्पादनको प्रगति र कार्यसम्पादनका क्रममा व्यहोरेका समस्याहरूको विवरण सहितको प्रगति पेश हुनुपर्छ । ति विवरण एकिकृत गरि आवधिक प्रगति प्रतिवेदन सम्बन्धित निकायमा पठाउनुपर्ने सार्वजनिक निकायको दायित्व हो । अनुगमन मूल्याकन गर्नुपर्ने कर्तव्य अनुसार पनि समिक्षा जरूरी छ । अनुगमन मूल्याङ्कन गर्दै आगामी आ.व.को कार्यक्रम नीति तथा बजेट तर्जुमाको लागि पहल र प्रयत्न गर्नुपर्ने हुन्छ ।

४. निर्णय हुनुपर्ने व्यहोराः

क) दोश्रो चौमासिक अवधिको समग्र कार्यसम्पादनहरूको प्रस्तुती, समिक्षा, समस्याको पहिचान र समस्या संवोधनका उपायहरूको विश्लेषण भयो ।

ख) सुधार गर्नुपर्ने विषयहरूको कार्ययोजना निर्माण गरी आगामी दिनमा सुधार गर्दै जाने प्रतिवद्धता व्यक्त गरियो ।

ग) बार्षिक कार्ययोजना तथा खरिद योजना अनुसार समयबद्ध रूपमा कार्य गर्न नसकिएको अनुभूति गर्दै असार १० गते सातौ नगर सभाबाट स्वीकृत योजना तथा कार्यक्रमको संझौता आगामी चैत्र मसान्त भित्र अनिवार्य सक्ने । सो मितिमा संझौता गर्न नसकिएको हकमा कार्यान्वयन नगर्ने ।

घ) पौष २९ गतेको आठौं सभाबाट संशोधन भएका, शासकीय सुधार कार्यक्रम, स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम, शशर्त अनुदानका कार्यक्रम र अन्यको हकमा बैशाख मसान्त सम्म संझौता गर्ने ।

ङ) आगामी आ.व. का लागि योजना तथा बजेट तर्जुमा कार्य संलग्न कार्यतालिका बमोजिम गर्ने गराउने ।

बैठक मिति:- २०७७/१२/१९

बैठक संख्या:- ५१औं

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मिति:–२०७७/१२/११

प्रस्ताव नं.- ४

विषय:– भू उपयोग योजना तयारी, घर नक्सा पास तथा जग्गामा घर कायम सम्बन्धमा ।

१. विषय र विषयको संक्षिप्त व्यहोरा:

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा २ को खण्ड छ.५ तथा छ.९ मा सुरक्षित वस्ती विकास र भवन सम्बन्धी नीति कानून मापदण्ड योजना कार्यान्वयन नियमन अनुगमन मूल्याकन गर्ने काम स्थानीय तहको जिम्मामा छ । यस्तै खण्ड ढ.३ मा भुमिको वर्गीकरण अनुसारको लगत व्यवस्था गर्नुपर्ने छ ।

२. प्राप्त परामर्श र सान्दर्भिक कुराहरू:

स्थानीय सरकारलाई तोकेको काम गर्नका लागि नीति निर्माण, योजना बनाउने, कार्यान्वयन गर्ने, नियमन र अनुगमन मूल्याङ्कन गर्न अब सबै वडाले आफ्नो क्षेत्र भित्र भूउपयोग योजना निर्माण, कार्यान्वयन, सो अनुसार निर्माण कार्य गर्ने गर्नुपर्छ । सबै वडामा घरनक्सा पास गरेर मात्र घर निर्माण गर्नु जरूरी छ । जग्गामा भएका घरहरूको लगत राख्ने र घर कायम गर्नु पनि जरूरी छ ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको राय:

सबै वडा समितिले आफ्नो क्षेत्रभित्र उपयोगका आधारमा भू-उपयोग नक्सा बनाई नागरिकलाई सो अनुसार मात्र गर्न अभिप्रेरणा जगाउने । आइन्दा नक्सा पास गराएर सडक क्षेत्राधिकार र सेटव्याक छोडेर मात्र घर निर्माण गर्न सचेत गराउने । जग्गामा भएका घरहरूको लगत लिइ घर कायम गरि स्थानीय करको दर कम गर्दै दायरा बढाउने गरी कार्य गर्ने गराउने ।

४. निर्णय हुनुपर्ने व्यहोरा:

क) सडक गुरूयोजनामा तोकिएका सडक क्षेत्राधिकारलाई कार्यान्वयन गर्न निजी जग्गाधनीको जग्गाको लगत लिइ लगत कट्टा गर्न वडा समितिले सम्बन्धित निकायमा सिफारिस गर्ने । नयाँ सडकको हकमा समेत योजना कार्यान्वयन गर्दैका वखतमा सडक क्षेत्राधिकार कायम गरी लगत कट्टा गर्न सहमती लिने र कट्टा गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।

ख) नगरको पुनः संरचना पछिको सडक गुरूयोजना तयार नभएको अवस्थालाई ध्यान दिदै नगर यातायात सडक गुरूयोजना (MTMP) तयार गर्न आगामी वर्ष आवश्यक वजेट विनियोजन गर्ने ।

ग) वडामा घर बनाउँदा नक्सा पास गरेर मात्र वनाउन लगाउन सम्बन्धित वडा समितिलाई नै अभिलेखिकरणको अधिकार दिने । यसको लागि सम्बन्धित वडाको प्राविधिक र सचिवले सहजीकरण गर्ने ।

घ) वडा भित्रका घरको लगत अद्यावधिक गरी जग्गामा घर कायम गरी सिफारिस सोही अनुसार मात्र गर्ने ।

ङ) लगत कट्टा गर्न मुख्य सडक र शाखा सडकहरूको अभिलेख तयार गर्ने, श्रोत व्यवस्था गर्ने, नापी र मालपोतलाई आवश्यक कार्य गर्न गराउन अनुरोध गर्ने ।

बैठक संख्याः- ५१औं

बैठक मितिः- २०७७/१२/१९

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः–२०७७/१२/११

प्रस्ताव नं.- ५

विषयः– भूमि समस्या समाधान समितिमा स्थानीय तहको भुमिका सम्बन्धमा ।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा २ को खण्ड ढ जग्गा सम्बन्धी कार्य तोकेको छ । यस नगरपालिकाले भूमि समस्या समाधान आयोगसंग समस्या समाधानको कार्य गर्न समझदारी गरिसकेको छ । हालै जिल्लामा भूमि समस्या समाधान समितिको कार्यालय स्थापना भएको छ । यही २०७७/१२/१४ गतेका दिन केन्द्रीय भूमि समस्या समाधान आयोगले अन्तरक्रिया कार्यक्रम पनि गरिसकेको छ ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

२०७७/०१/१४ को आयोगको पत्र अनुसार यस नगरपालिकाबाट सबै वडाहरूमा भुमिहिन दलित, भुमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीको लगत संकलनका लागि पत्राचार गरिसकिएको छ । सो अनुसार वडाले लगत खडा गरि पेश गर्नुपर्नेमा पेश हुन आएन । यसका लागि वडाले वडाभित्रको विवरण संकलन गरी सम्बन्धित ऐन कानून र परिपत्र अनुसार गर्नु गराउनु आवश्यक छ ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

भुमि सम्बन्धी समस्या समाधान आयोगको निर्देशन तथा प्रचलित कानून र परिपत्र अनुसार फिदिम नगरपालिकामा भएका भुमिहीन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित वसोवासीले भोग चलन गरि आएको जग्गाको प्रमाणसमेत राखी लगत संकलन गरी तोकिएको काम कारवाही अगाडि वढाउन पर्ने भएको छ ।

४. निर्णय हुनुपर्ने व्यहोराः

भुमिहीन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित वसोवासीको लगत संकलन वडासमितिका सदस्यहरू वा वडा सचिव वा सामाजिक संघ संस्था वा टोल विकास संस्थालाई परिचालन गरी गर्ने गराउने ।

वैठक मिति:- २०७७/१२/१९

वैठक संख्या:- ५१औं

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मिति:–२०७७/१२/११

प्रस्ताव नं.- ६

विषय:– जग्गा रजिष्ट्रेशन शुल्कको बाँडफाँटमा ५ प्रतिशत कट्टी गर्न स्वीकृति दिने ।

१. विषय र विषयको संक्षिप्त व्यहोरा:

जग्गा रजिष्ट्रेशन शुल्कको बाँडफाँटमा नगरपालिकाले पाउने मध्येबाट मालपोत सुदृढीकरणका लागि ५ प्रतिशत रकम श्रोतमै कट्टा गरि उपलब्ध गराउन स्वीकृतिका लागि मालपोत कार्यालयमा सबै स्थानीय तहका पदाधिकारी समेतको सहभागीतामा भएको वैठकमा छलफल र सहमती भएको ट । स्थानीय सरकार सञ्चालन ऐनको दफा ६४ को उपदफा १ को खण्ड ख मा व्यवस्था भए अनुसार हाल मालपोत कार्यालयले जग्गा रजिष्ट्रेशन शुल्क संकलन गरी प्रदेश र स्थानीयलाई बाँडफाँट गरिरहेको छ ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा:

मालपोत कार्यालयले संकलन गरिरहेको जग्गा रजिष्ट्रेशन शुल्कबापत तहाँबाट वाँडफाँट गर्दा स्थानीय तहले पाउने अंशबाट मालपोत सुदृढीकरणका लागि ५% रकम श्रोतमा नै कट्टी गरी पठाउन स्वीकृति दिन मालपोत कार्यालयले अनुरोध गरेको छ ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको राय:

उक्त संकलित रजिष्ट्रेशन शुल्कमा नगरपालिकाले पाउने अंशबाटै नगरपालिकाले विगतमा मालपोत सुदृढीकरण कार्यका लागि विनियोजन र खर्च गर्ने गरेको थियो । चालु आ.व. २०७७/७८ को हकमा नगरपालिकाले मालपोत कार्यालय सुदृढीकरणका लागि कुनै रकम विनियोजन भएन । मालपोतका अनुसार विषयगत मन्त्रालयबाट भएको विनियोजनले मात्र कार्यालयको खर्च र विकासका लागि अपुग हुन्छ । कट्टी गरेको रकमबाट कार्यक्रम स्थानीय कार्यक्रम तर्जुमा समितिले तयार गरी विभागबाट स्वीकृति भएपछि मात्र गर्न सकिने हुँदा दुरूपयोग हुने सम्भावना पनि हुँदैन भन्ने मालपोतको धारणा छ ।

४. निर्णय हुनुपर्ने व्यहोरा:

मालपोतबाट संकलित जग्गा रजिष्ट्रेशन शुल्कमा नगरपालिकाले पाउने अंशबाट मालपोत सुदृढीकरण कार्यका लागि चालु आ.व. २०७७/७८ को हकमा मात्र ५ प्रतिशत कट्टा गरी बाँकी रकम नगरपालिकाको सञ्चित कोषमा दाखिला गरिदिन मालपोत कार्यालयलाई सहमती प्रदान गर्ने । त्यस्तो कट्टा भएको रकमबाट स्वीकृत भएको कार्यक्रम र खर्चको विवरण सम्बन्धित पालिकालाई उपलब्ध गराउन मालपोतलाई लेखि पठाउने ।

वैठक संख्याः- ५१औं

वैठक मितिः- २०७७/१२/१९

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः–२०७७/१२/११

प्रस्ताव नं.- ७

विषयः– सडक चौडा गर्ने स्थानको सोलर लाइट र पोल सार्ने वा हटाउने ।

१.विषय र विषयको संक्षिप्त व्यहोराः

मेची हाइवे तथा अन्य सडक विस्तार गर्ने कार्यक्रम विषयगत मन्त्रालयहरूको रहेको जानकारी भएको छ। सडक चौडा गर्दा सडक सीमाभित्र पर्ने नगरपालिकाले राखेका सोलार बत्ती तथा पोल पनि हटाउनुपर्ने हुन्छ। वार्षिक मर्मत संभारमा विनियोजन रू २ लाख मात्र छ। यसबाट नियमित मर्मत संभारको कार्य बाह्य परामर्शदाताबाट गर्ने गरी संझौता भइ काम भइरहेको छ ।

२.प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

सडक सीमा भित्रबाट हटाउनुपर्ने वा सार्नुपर्ने बत्ती र पोलको लगत संकलन भइसकेको छ। त्यसलाई सार्न वा हटाउन लागत अनुमान तयार गरी मर्मत संभार कोषबाट खर्च गर्ने गरी कार्यक्रम तत्काल स्वीकृति गर्नुपर्ने स्थिति आउन सक्दछ। यसै वर्ष सो काम गर्नुपर्ने भएमा लाग्ने लागतको प्राविधिक लागत अनुमान तयार गरी मर्मत संभार कोषमा विनियोजित रकममध्येबाट खर्च गर्ने गरी तत्काल नगरप्रमुखबाट स्वीकृत गराई कार्यपालिकामा अनुमोदनका लागि पेश गर्ने मनासिब देखिन्छ।

३.प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

सडकमा भएका सोलार बत्ती तथा पोल हटाउनपर्ने भएमा तिनलाई अन्यत्र जडान गर्ने स्थान पनि निश्चित हुनुपर्ने हुन्छ। तत्काल स्मार्ट लाइटको व्यवस्था हुने नहुने निश्चित भएको छैन। यस अवस्थामा त्यही सडकको अन्तिम विन्दुमा सार्नुपर्ने अवस्था हुन सक्छ। स्मार्ट लाइट जडान कार्यक्रम हुने भएमा अन्यत्र सार्न र नहुने भएमा सोही सडकको सडक क्षेत्राधिकार भित्र पर्ने उपयुक्त स्थानमा सार्ने गरी कार्यक्रम वनाउन उपयुक्त हुन्छ।

४.निर्णय हुनुपर्ने व्यहोराः

क. सडक सोलार बत्ती तथा पोल हटाउनपर्ने वा सार्नुपर्ने अवस्था भएमा सम्बन्धित वडाबाटै कहाँ सार्ने भन्ने निर्णय गर्ने।

ख. सम्बन्धित निकायबाट सार्ने व्यवस्था नभएको अवस्थामा पेश भएबमोजिम कार्यक्रम स्वीकृत गराई तत्काल गर्न गराउन कार्यालय र वडालाई निर्देशन दिने।

वैठक संख्याः- ५१औं                                                                                     वैठक मितिः- २०७७/१२/१९

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः–२०७७/१२/११

प्रस्ताव नं.- ८

विषयः– वायोग्यास जडान र सुधारिएको चुलो (वायोमास) शशर्त कार्यक्रमको सम्बन्धमा।

१.विषय र विषयको संक्षिप्त व्यहोराः

शशर्त अनुदानमा बायोग्यास र बायोमास कार्यक्रम रहेको। यसमा २/२ लाख विनियोजन भएको थियो। कार्यपालिकाबाट जागृति प्रावि को आवासीय भवनमा जडान गर्न निर्णय भएको। तर बायोग्यास त्यहाँको मलबाट सञ्चालन हुन नसक्ने र संभावना नभएको भनि प्राविधिक सुझाव रहेको।

२.प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

कार्यक्रम कार्यान्वयन मार्गदर्शनको वुँदा नं.५ बमोजिम नवीकरणीय ऊर्जाको प्रविधि जडान उपशिर्षकहरूमा खर्च गर्न सक्ने व्यवस्था भएको। सो अनुसार बायोग्यासको रकम वायोमासमा खर्च गर्न अनुमति दिनुपर्ने देखिएको। संभाव्य गरिव विपन्न दलित अपांगता भएका व्यक्ति वा परिवारलाई वा सार्वजनिक निकायमा सोलार राख्ने वा बायोमासमा ५० प्रतिशत साझेदारीमा सो कार्य गराउन उपयुक्त हुने।

३.प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

व्यक्तिलाई दिन भन्दा यस कार्यक्रमबाट सोलार वत्ती राख्न उपयुक्त हुने। सार्वजनिक निकायमा सोलार राख्न वा लक्षित वर्गमा पुऱ्याउने व्यवस्था मिलाउने।

४.निर्णय हुनुपर्ने व्यहोराः

सार्वजनिक निकाय वा स्थानमा सोलार कार्यक्रम सञ्चालन गर्ने गरी कार्यान्वयन व्यवस्था मिलाउने।

वैठक संख्याः- ५१औं　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　वैठक मितिः- २०७७/१२/१९

प्रस्ताव पेश गर्ने अध्यक्षबाट स्वीकृति प्राप्त मितिः–२०७७/१२/११

प्रस्ताव नं.- ९

विषयः– वडा नं १२ को वडा भवनको कम्पाउण्डवाल सम्बन्धमा।

१.विषय र विषयको संक्षिप्त व्यहोराः

चालु आ.व.को स्वीकृत कार्यक्रममा वडा कार्यालय भवन निर्माण क्रमागत भनि वडा नं. २,३,५,११,१२,१३ कार्यक्रम स्वीकृति भएको। यसमा ७२ लाख विनियोजन भएको। वडा नं. १२ को वडा भवन पुरा भएको तर तृतिया बजार लाग्ने क्षेत्र भएकोले कम्पाउण्डवाल लगाउनका लागि लागत अनुमान तयार भइसकेको। कम्पाउण्डवाल लगाउन आवश्यक छ भनि वडाबाट कार्यक्रम सञ्चालन गरिदिन अनुरोध आएको।

२.प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

चालु आ.व.मा वडा भवनहरूका लागि ७२ लाख विनियोजन र ७३ लाखको संझौता भइसकेको। वडा नं १२ को कम्पाउण्डवालको लागि थप संझौता गर्दा अर्को वर्ष अनिवार्य दायित्व सृजना हुन जान्छ। कार्यान्वयन गर्नुपर्दा क्रमागत योजनामा राखी आगामी वर्ष अनिवार्य विनियोजन गर्नुपर्ने हुन्छ। यसै वर्ष संझौता गरी निर्माण काम गराउदा काम छिटो हुनसक्छ। तर तत्काल खर्च उपभोक्ता समितिले नै व्यहोर्नुपर्ने र आगामी आ.व.मा विनियोजन गरी शुरूमै भुक्तानी दिन भने सकिने हुन्छ।

३.प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

यसवर्षको कार्यक्रम स्वीकृति हुँदा वडा भवनमा वडा नं १२ पनि उल्लेख भएको। तर भवन निर्माणको काम पुरा भइसकेको। कम्पाउण्डवाल पनि भवन निर्माणकै अंग हो। यसलाई माग अनुसार गर्न तत्काल गर्न आवश्यक हो होइन यकिन हुनुपर्छ। आगामी आ.व.मा अनिवार्य विनियोजन गरी अर्को आ.व.मा नै कार्यसम्पादन गरे अनुसार भुक्तानी लिन उपभोक्ता समिति मञ्जुर भएमा संझौता गर्न सकिने देखिन्छ। तर यसमा अनिवार्य विनियोजन गर्नुपर्ने हुन्छ।

४.निर्णय हुनुपर्ने व्यहोराः

लागत अनुमान अनुसार दायित्व सृजना गरी यसै वर्ष कार्य गराउन संझौता गर्नु मनासिव देखिएन। आगामी आ.व.मा आवश्यकता अनुसार विनियोजन गरी कार्य गर्ने व्यवस्था मिलाउने।

वैठक संख्याः- ५१औं वैठक मितिः- २०७७/१२/१९

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः–२०७७/१२/११

प्रस्ताव नं.- १०

विषयः– JCB सञ्चालन नीजिक्षेत्रलाई दिने सम्बन्धमा ।

१.विषय र विषयको संक्षिप्त व्यहोराः

नगरपालिकाको कार्यालयमा भएको JCB आफैंले सञ्चालन गर्दा इन्धन र मर्मतमा मात्र धैरै दायित्व सृजना भएको छ । सडक मर्मत गर्न र नयाँ ट्र्याक खोल्न यसको उपयोग गर्ने गरी खरिद भएको हो । यसलाई नगरको आम्दानीसंग पनि गाँसिएको छ । भाडा प्रति घण्टा १००० तोकि दिने गरिएको छ । तर विधिवत सञ्चालन गर्न नसकि आम्दानी ज्यादै न्युन भएको देखियो ।

२.प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

JCB को सञ्चालनबाट चालु आ.व.मा आय रू ३८५००/- र मर्मत खर्च रू ३९४४५४/-भएको देखियो । यसमा यसको सञ्चालनमा भएको इन्धन खर्च, चालक र हेल्परको खर्च समावेश छैन । यसको सञ्चालन र मर्मतसंभार तथा इन्धनले नगरपालिकामा व्ययभार वढ्ने आम्दानी न्युन भएको देखियो ।

३.प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

JCB चालक हेल्पर मर्मत इन्धन समेतको खर्च सञ्चालक निजीक्षेत्रले नै व्यहोर्ने गरी संलग्न शर्तको अधिनमा रही निजिक्षेत्रलाई चालु आ.व.को बाँकी अवधिभरका लागि दिइ हेर्ने र अर्को आ.व.का लागि उपयुक्त समयमा सूचना गर्न पनि सकिन्छ । अर्थात यस वर्षको वाँकी अवधि र अर्को आ.व.को लागि समेत एकैपटक सूचना गरी वढावढमा सञ्चालनको प्रस्ताव माग गर्न पनि सकिन्छ । यस अनुसार कार्यपालिकाबाट निर्णय गरी निजीक्षेत्रलाई सञ्चालन गर्न दिन उपयुक्त देखिएको छ ।

४.निर्णय हुनुपर्ने व्यहोराः

आ.व. ०७७।७८ को बाँकी अवधिका लागि JCB को सञ्चालन निजीक्षेत्रबाट गराउन इच्छुक सञ्चालक व्यक्ति वा दर्तावाला संस्थाबाट बढाबढको प्रस्ताव पेश गर्न सार्वजनिक सूचना गर्ने ।

वैठक संख्याः- ५१औं वैठक मितिः- २०७७/१२/१९

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः–२०७७/१२/११

प्रस्ताव नं.- ३

विषयः– कोभिड खोप (कोभिसिल्ड) सञ्चालन कार्यक्रम स्वीकृति र खर्च सम्बन्धमा ।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

नेपाल सरकारले विभिन्न चरणमा लक्षित समूहका नागरिकलाई प्राथमिकता तोकी कोभिड विरूद्धको खोप लगाउने कार्यक्रम सञ्चालन गर्न निर्देशित गरेको अवस्था छ। विभिन्न स्वास्थ्य चौकी मार्फत वडा वडामा तोकिएको मितिमा खोप कार्यक्रम सञ्चालन गर्दा जनशक्ति व्यवस्थापन, खोप ढुवानी, अशक्त अपाङगलाई खोप केन्द्रमा ल्याउने लैजाने काम गर्नुपर्ने भयो। यसका लागि खर्च व्यवस्थापन जरूरी भयो।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

तोकिएको कार्यसम्पादनका लागि स्वीकृत मापदण्ड वमोजिम कार्यक्रम तर्जुमा गरी नगरप्रमुख स्तरबाट निर्णय गरिएको छ। संघीय र प्रदेश सरकारले तोके बमोजिम कार्यक्रम सञ्चालन गर्न शशर्त रूपमा कार्यक्रम खर्च त्यहाँबाट स्थानीय तहमा श्रोत प्राप्त भएन। नगरपालिकाबाटै खर्च व्यहोरी कार्यसम्पादन भयो। प्रकोप व्यवस्थापन कोषमा विनियोजन भएको रकम मध्येबाट यो कार्यक्रम सञ्चालन गर्न संलग्न खर्च प्रस्ताव स्वीकृति गर्नुपर्ने।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

प्रकोप व्यवस्थापन कोषमा विनियोजित रकमबाट विपद् व्यवस्थापन कोषमा रकम स्थानान्तरण गरी कोरोना विरूद्धको खोप लक्षित समूहमा पुर्‍याउनका लागि खर्च व्यवस्थापन गर्न पर्ने हुन्छ। स्वास्थ्यका कार्यक्रम वडास्तर र टोलटोलमा सञ्चालन गर्न महिला स्वयंसेविका तथा अन्य स्वास्थ्यकर्मी परिचालन, स्वास्थ्य सामाग्री ढुवानी, अनुगमन मूल्याङ्कन लगायतका कामका लागि खर्च गर्नुपर्ने भएकोले प्रमुख स्तरबाट निर्णय भए अनुसारको संलग्न खर्च प्रस्ताव तयार गरिएको छ। कार्यपालिकाबाट स्वीकृति हुनुपर्ने हुन्छ।

४. निर्णय हुनुपर्ने व्यहोराः

क) हरेक चरणका कोभिड विरूद्धको खोप कार्यक्रम सञ्चालन खर्चको लागि प्रस्तुत र संलग्न प्रस्ताव स्वीकृत गरी कार्यसञ्चालन गर्ने गराउने।

ख) खोप कार्यक्रम सञ्चालन पछि कार्यसम्पन्न प्रतिवेदन तयार गरी आवधिक रूपमा पेश गर्ने।

वैठक संख्याः- ५१औं

वैठक मितिः- २०७७/१२/१९

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः–२०७७/१२/११

प्रस्ताव नं.- ११

विषयः– २०७८/७९ को लागि अपांगता रोकथाम तथा पुनः स्थापना कार्यक्रम।

१.विषय र विषयको संक्षिप्त व्यहोराः

मिति २०७७/१२/१२ गतेका दिन यस नगरपालिकाको अपांगता रोकथाम तथा पुनः स्थापना कार्यक्रमको समिक्षा र आगामी आ.व.को कार्यक्रम तर्जुमा गर्न बैठकको आयोजना गरिएको थियो। चालु आ.व.मा प्रदेश सरकार फिदिम नगरपालिका र करूणा फाउण्डेसनबाट ३३/३३ लाख साझेदारीमा यो कार्यक्रम सञ्चालन भइरहेको छ। ३ वर्ष सञ्चालन हुने गरी संझौता भएको यस कार्यक्रममा निश्चित क्रियाकलाप सञ्चालन गर्ने गरी सहमती समेत भएको छ।

२.प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

उक्त समिक्षा बैठकबाट आगामी आ.व.का लागि पारित गर्न कार्यक्रमको प्रस्ताव तयार गरिएको छ। उक्त संलग्न प्रस्तावित कार्यक्रम कार्यपालिकाबाट पारित गर्नुपर्ने र सभामा समेत अनुमोदन गराउनुपर्ने हुन्छ। यो संलग्न कार्यक्रमको प्रस्ताव उपर छलफल गरी आगामी सभामा अनुमोदनका लागि पेश गरी वार्षिक कार्यक्रममा समावेश गर्ने व्यवस्था मिलाउन फोकल पर्सन तथा विषयगत शाखाहरूलाई निर्देशन गर्नुपर्ने हुन्छ।

३.प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

यसमा पहिले नै सहमती भइ संझौता तथा समझदारीमा दस्तखत भएको छ। समझदारी अनुसार कार्यक्रम सञ्चालन गर्नुको विकल्प पनि भएन। आगामी आ.व. २०७८/७९ का लागि नगरपालिकाले साझेदारी गर्ने ३३ प्रतिशत वजेटको अनिवार्य विनियोजन गर्नुपर्ने हुन्छ।

४.निर्णय हुनुपर्ने व्यहोराः

प्रस्तावित संलग्न कार्यक्रम स्वीकृत गर्ने। साझेदारी बजेट ३३ प्रतिशत समावेश गर्ने। आगामी सभामा कार्यक्रम अनुमोदनका लागि पेश गरी बार्षिक कार्यक्रममा समावेश गर्ने।

वैठक संख्या:- ५१औं

वैठक मिति:- २०७७/१२/१९

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मिति:–२०७७/१२/११

**प्रस्ताव नं.- १२**

विषय:– **स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन सम्बन्धमा।**

१.विषय र विषयको संक्षिप्त व्यहोराः

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ अनुसार आ.व. २०७६/७७ को कार्यसम्पादन मूल्याङ्कन पौष मसान्त भित्र सकिसक्नुपर्ने गरी व्यवस्था भएको छ। तर यो शुरू वर्ष भएकोले मूल्याङ्कन यस वर्षको चैत्र भित्र गरिसक्नुपर्ने गरी मन्त्रालयबाट निर्देशन भएको छ। मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयबाट सहजकर्ता खटाइ यस नगरपालिकामा यस सम्बन्धी अभिमुखिकरण समेत मिति २०७७/१२/१६ देखि आजसम्म सञ्चालन भयो। सबै शाखाका कर्मचारीहरूले आवश्यक आधार प्रमाण संकलन गरी पद्धतिमा प्रविष्टि गर्ने कार्य समेत यस अवधिमा सम्पादन गर्नुभएको छ। प्रविष्टीबाट यस नगरपालिकाको प्रारम्भिक अंक .. प्राप्त हुने देखिएको छ।

२.प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

आ.व. २०७६/७७ को मूल्याङ्कन गरी सार्वजनिक गर्नपर्ने अवधि चैत्र मसान्त भित्र सकिसक्नुपर्ने भएतापनि आजसम्मको प्रारम्भिक नतिजामा पुनरावलोकन गर्ने कुनै प्रामाणिक आधार (Means of Verifications) जुटाउन सक्ने भएमा सो समेत गर्न सकिने हुन्छ। यद्धपि छलफल र संवादबाट यसमा थप गर्न सकिने संभावना न्युन देखिएको छ।

३.प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

मन्त्रालय स्थानीय निकायको संस्थागत क्षमता स्वमूल्याङ्कन गर्न निर्देशिका जारी गरी सो अनुसार कार्य गर्न गराउन प्रदेश सरकार, मुख्य मन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयले सहजीकरण समेत गराई यो कार्य गर्न निर्देशित गरेको छ। अर्को आ.व. देखि यस कार्यका लागि समेत बजेट व्यवस्था गरी अभिप्रेरणात्मक रूपमा समयमा कार्य नियमित गर्न स्थानीय तहहरूलाई निर्देशित गरेको छ। सबै शाखालाई यस पद्धतिको प्रयोगकर्ता नाम र गोप्य संकेत समेत सृजना गरि दिएको छ। यसमा नियमित रूपमा कार्य गर्ने र सूचकहरूले निर्देशित गरेका तर हुन नसकेका काममा समेत सबैले तयारी गर्नु जरूरी छ। सुधारको कार्ययोजना बनाइ कार्य गर्नु गराउनुपर्ने हुन्छ।

४.निर्णय हुनुपर्ने व्यहोराः

क) आ.व. २०७६/७७ मा गरेका कार्यसम्पादनको आधार प्रमाण संकलन गरी पद्धतिमा प्रविष्टी गरे पछि प्राप्त हुन आएको यस नगरपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कन अंक ५५.७५ अनुमोदन गरी सार्वजनिक गर्न अनुमति दिने र सभामा अनुमोदनका लागि पेश गर्ने।

ख) संस्थागत क्षमता स्वमूल्याङ्कनका लागि निर्धारित सूचकहरूमा भएका सुधार गर्नुपर्ने कुराको पहिचान गरी संलग्न ढाँचामा कार्ययोजना बनाई सबैले आ-आफ्नो ठाँउबाट सम्पादन गर्दै जाने।

ग) आगामी वर्षमा हुने मूल्याङ्कनमा उत्कृष्ट नतिजा हासिल गर्न नियमित र अद्यावधिक तयारीको प्रतिवद्धता सबैले गर्ने।

बैठक संख्याः- ५१औं

बैठक मितिः- २०७७/१२/१९

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः–२०७७/१२/११

प्रस्ताव नं.- १३

विषयः– बहुक्षेत्रीय पोषण तथा एकिकृत बालस्वास्थ्य एवं पोषण कार्यक्रम सञ्चालन सम्बन्धमा ।

१.विषय र विषयको संक्षिप्त व्यहोराः

स्वास्थ्यको एकिकृत बालस्वास्थ्य एवं पोषण कार्यक्रम अन्तर्गत पोषण कार्यक्रममा रू ५०५ हजार विनियोजन छ । यस कार्यक्रमको कार्यान्वयन निर्देशिका अनुसार तोकिएका निश्चित कार्यक्रम तय गरी सञ्चालन गर्नुपर्ने छ । यसको लागि कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम कार्यक्रम तय गरिसकिएको छ । कार्यक्रम संलग्न छ ।

बहुक्षेत्रीय पोषणको कार्यक्रमका लागि समेत अनिवार्य कार्यक्रम सञ्चालन गर्न रू १४९ हजार र बाँडफाँट गर्नुपर्ने कार्यक्रममा रू २५०० हजार प्राप्त हुने सुनिश्चित भएको छ । यसको लागि पौष १५ को कार्यपालिकाले सामाजिक समिति र आर्थिक समितिलाई तय गर्न जिम्मेवारी दिए अनुसार सुआहारा र समितिहरूको संयुक्त बैठक वसी प्रारम्भिक छलफल भयो । उक्त समितिले सूचकको आधारमा वडा छनोट गरी कार्यक्रम सञ्चालन गर्ने गरी कार्यक्रम तय र वडा छनोटका लागि वडा नं. ६ र १० छनोट गर्ने सिफारिसको निर्णय गरेको छ ।

२.प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

सबै वडामा छोटो अवधिमा पोषणको कार्यक्रम लैजान संभव नहुने र सूचकका आधारमा अपांगता वढी भएको र कम तौलका बच्चा तथा जन्मदर वढी भएका तथा स्वास्थ्य संस्थामा विरामी बच्चा वढी आउने वडाहरूमध्येबाट वडा छानी कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ । माथि सिफारिस भए अनुसार सम्बन्धित वडामा प्रभावकारी रूपमा कार्यक्रम सञ्चालन गर्न संलग्न कार्यक्रम तथा बाडफाँट स्वीकृति गरी कार्यतालिका अनुसार कार्यसम्पादन गर्न फोकल पर्सन र विषयगत शाखाहरूलाई जिम्मेवारी दिनुपर्ने हुन्छ ।

३.प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

कार्यक्रम प्रभावकारी र लक्षित समूहमा पुग्ने गरी र नागरिकले अनुभूति गर्ने गरी भएको श्रोतको अधिकतम उपयोग गरी गर्नु जरूरी छ । भविष्यका देश निर्माता बालबालिका र ति बालबालिकाका आमाहरूको स्वास्थ्यमा सुधार ल्याउन र भावी पिढी स्वस्थ्य सवल र सक्षम वनाइ राष्ट्र निर्माणमा बल पुऱ्याउन यो कार्यक्रम तय भएको हो । विगत वर्षहरूमा समेत यो कार्यक्रम सञ्चालन भएको भएको हो । त्यसको प्रभावकारीता कमजोर भएको गुनासो सुनिएको छ । त्यस्तो हुन नदिन सरोकारवालाले अनुगमन गर्नु आवश्यक छ । कार्यक्रम दोहोरो परेपनि वडा फरक भएमा ति वडामा सञ्चालन गर्दा दोहोरो नपर्ने व्यवस्था हुन्छ । तर कार्यान्वयन भने समन्वय गरी एकिकृत रूपमा समान मापदण्ड र प्रकृयाबाट गर्नु आवश्यक छ ।

४.निर्णय हुनुपर्ने व्यहोराः

क) चालु आ.व.का लागि देहाय अनुसार वडा छनोट गरि कार्यक्रम सञ्चालन गर्ने ।

- एकिकृत बालस्वास्थ्य एवं पोषण कार्यक्रम अन्तर्गतको पोषण कार्यक्रम वडा नं. २
- बहुक्षेत्रीय पोषण कार्यक्रम वडा नं. ४, ७ र १२

ख) बहुक्षेत्रीय पोषणका लागि प्रस्तावित संलग्न कार्यक्रमहरू र बाँडफाँट स्वीकृति गर्ने ।

## बहुक्षेत्रीय पोषण कार्यक्रम

## एकिकृत बार्षिक विकास कार्यक्रम

| क सं | बिषयगत क्षेत्र | कार्यक्रम | लक्ष्य | ईकाई | दर | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | शासकीय प्रबन्ध | वडास्तरीय निर्देशक समितिको बैठक | ३ | पटक | १५००० | ३०००० |
| २ | | एकिकृत बार्षिक कार्यक्रमको कार्ययोजना तयारी | १ | पटक | १५००० | १५००० |
| ३ | | आमा शिसु स्याहारकर्ताको अभिमुखिकरण | ३ | पटक | ३५००० | ३५००० |
| ४ | | शिशु आहार आवद्ध बालपोषण भत्ता | १०० | जना | २०० | २०००० |
| ५ | | पोषण स्वयंसेवकको निरन्तरता र क्षमता विकास | १ | जना | १२४००० | १२४००० |
| ६ | | बहुक्षेत्रीय पोषण कार्यक्रमको समिक्षा | १ | पटक | २५००० | २५००० |
| ७ | | पोषण डेस्कको स्थापना | ३ | ठाउँ | २५००० | २५००० |
| ८ | | नियमित अनुगमन | ६ | पटक | ३००० | १५००० |
| ९ | | सार्वजनिक निकायमा स्तनपान कक्ष र पोषण डेस्क स्थापना | ३ | स्थान | २५००० | २५००० |
| १० | | पोषण सम्बन्धी सामुदायिक सूचना पाटी | ६ | वटा | ५००० | २५००० |
| ११ | महिला तथा बालवालिका | महिला, सहकारी, समिति र समूहमा आय आर्जन र पोषण सम्बन्धि तालिम | ३ | पटक/ स्थान | १५०००० | १५०००० |
| १२ | | लैङ्गिक तथा घरेलु हिंसा निवारण र सुनौलो हजार दिनका आमाको स्याहारमा अन्तपुस्ता अभिमुखिकरण | ३ | पटक / स्थान | १५०००० | १५०००० |
| १३ | | सुनौलो हजार दिने महिला र परिवार लक्षित आय आर्जन कार्यक्रम | ३ | पटक/ स्थान | ५००००० | ५००००० |
| १४ | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | स्वास्थ्य | पोषण सामाग्री ढुवानी | १ | पटक | २५००० | २५००० |
| १६ | | Outpatient theraupetic center स्थापना र सुदृढीकरण | १ | स्थान | १०0000 | १००००० |
| १७ | | OTC संञ्चालनमा खटिने स्वस्थ्यकर्मीलाई सुविधा | २ | जना | १२००० | २४००० |
| १८ | | बृहत पोषण प्रदर्शनी तथा प्रसार प्रचार | | | | २०००० |
| १९ | शिक्षा | वाल विवाह विरुद्ध बालविवाहबाट पर्ने असर विद्यालय भित्रको यौन हिंसा र महिनावारी सरसफाई र विचमा कक्षा छोडनका कारण बारेमा जनचेतना सडक नाटक (मा. वि. लक्षित) | ३ | पटक/ स्थान | १००००० | १००००० |
| | | वालक्लवहरुमा जन्मदर्ता तथा पोषणको आवश्यकता उमेर अनुसारको वृद्धि र विकास सम्बन्धि सचेतना | ३ | पटक/ स्थान | १००००० | १००००० |
| | | विद्यालयका फोकल विन्दुहरुलाई पोषण सम्बन्धि अभिमुखिकरण | ३ | पटक/ स्थान | १००००० | १००००० |
| २० | खानेपानी तथा सरसफाई | विद्यालयमा शौचालय, पिउने पानी, साबुन पानीले हात धुने र महिनावारी भएका किशोरीलाई सरसफाई तथा महिनावारी सरसफाई व्यवस्थापन सम्बन्धी सुविधाको व्यवस्था गर्ने र दिगो बनाउने | १ | स्कुल | १००००० | १००००० |
| २१ | | स्वास्थ्य केन्द्रमा wash corner र hazardous waste को व्यवस्थापन गर्ने | १ | स्वा. के. | २५००० | २५००० |
| २२ | कृषि | किशोरी सुनौला हजार दिनका परिवारलाई करेसावारी निर्माणको सैदान्तिक र | १०० | परिवार | ५००० | ५००००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ब्यवहारिक ज्ञान तालिम र विउ विजन उपलब्ध गराउने | | | | |
| २३ | | समूहगत च्याउ उत्पादनका कार्यक्रम संञ्चालन गर्ने | १०० | परिवार | ८६० | ८६००० |
| २४ | | पोषणयुक्त पहेलो सखरखण्ड र मोरिङ्गाको बेर्ना तथा सेट वितरण | १०० | परिवार | २०० | २०००० |
| २७ | पशुपंन्छी | स्थानीय जातको २ पोथी र एक भाले कुखुरा र केज वितरण | १०० | परिवार | २५०० | २५०००० |
| २८ | | निश्चित भुगोलका लक्षित परिवारको समूह गठन गरी पोषण बगैचा, पशुपंन्छी पालन र उपयोगको मोडल फर्न स्थापना गर्न अनुदान दिने। | ३ | संख्या | २०००० | ६०००० |
| | | | | | | २६४९००० |

वैठक संख्याः- ५१औं

वैठक मितिः- २०७७/१२/१९

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः-२०७७/१२/११

प्रस्ताव नं.- १४

विषयः- प्रजातन्त्र दिवस मनाउदा खर्च भएको रकम अनुमोदन सम्बन्धमा।

१.विषय र विषयको संक्षिप्त व्यहोराः

७१औ राष्ट्रिय प्रजातन्त्र दिवस २०७७ फागुन ७ गतेका दिनसहित ३ दिन सम्म भव्य रूपमा मनाउने गरी जिल्लास्तरमा निर्णय भएको थियो। यसमा फिदिम नगरपालिका भित्रका कार्यक्रम सञ्चालन गर्न र भव्यताका साथ मनाउन निर्देशन भए अनुसार कार्यक्रमहरू तर्जुमा गरि सञ्चालन भएको थियो।

२.प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

जिल्लामा खेलकुद, र्‍याली, कविता प्रतियोगिता, प्रवचन लगायतका कार्यक्रम गरी तिनका विजेतालाई पुरस्कार तथा प्रमाणपत्र र कार्यक्रम सञ्चालन गर्दा भएका अन्य विविध खर्चहरू समेत गरी यस कार्यक्रमका लागि रू. १०२०००/- खर्च भएको प्रतिवेदन प्राप्त भएको छ।

३.प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

समारोह चाडपर्व जात्रा महोत्सव आदि कार्यक्रममा नगरपालिकाले कार्यक्रम तय गरी विनियोजन गरेर कार्यक्रम स्वीकृत भएको छैन। वास्तवमा यस्ता दिवस मनाउने वा चाडपर्व मेला जात्रा महोत्सवका कार्यक्रम तय गरी निश्चित मापदण्ड र कार्यविधि वनाइ त्यस्ता उत्सव मनाउने व्यवस्था गर्नुपर्ने आवश्यकता देखियो। यसका लागि आगामी आ.व.को कार्यक्रम तय गर्दा विचार पुऱ्याउनुपर्ने हुन्छ।

४.निर्णय हुनुपर्ने व्यहोराः

प्रजातन्त्र दिवस मनाउदा भएको खर्च रकम रू १०२०००/- अनुमोदन गरी सो रकम विविध खर्च शिर्षकमा विनियोजित रकमबाट भुक्तानी व्यवस्था मिलाउने।

वैठक संख्याः- ५१औं

वैठक मितिः- २०७७/१२/१९

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः–२०७७/१२/११

प्रस्ताव नं.- १५

विषयः– बचत रकमबाट थप ठेक्का बोलपत्र वा दरभाउपत्र सम्बन्धमा ।

१.विषय र विषयको संक्षिप्त व्यहोराः

चालु आ.व.मा विभिन्न कार्यक्रमहरू अन्तर्गत निर्माण, सेवा, औषधी आदि खरिदका लागि बोलपत्र/दरभाउपत्र गरिएको थियो । प्रतिष्पर्धाबाट विनियोजन भन्दा कम कवोल हुँदा रकम खर्च कम हुने भयो । यो मितव्ययीताको हिसाबले प्रगति नै हो । वित्तीय प्रगति कम र भौतिक प्रगति शतप्रतिशत हुनु राम्रो कुरा हो । लक्ष अनुसारको भौतिक प्रगति भइसकेपछि यथार्थमा खर्च कम गर्नु नै सार्वजनिक निकायको दायित्व पनि हो ।

२.प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

प्रतिष्पर्धाबाट खर्च वचत गरिएको कार्यसम्पादनमा राम्रो हो । यद्धपि वचत रकमबाट अव पनि कार्य गराउन संभाव्यता, नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने र पुऱ्याउनुपर्ने कार्यक्रमहरू र साविकमा प्रतिस्पर्धात्मक रूपमा गरिएका ति कार्यहरूको कार्यसम्पादन संझौता मुताविक ९० प्रतिशत माथि भइसकेको हकमा भने निर्णय गर्नुपर्ने हुन्छ । रकमको बचत भएपनि कार्यसम्पादन स्थिति निरन्तर हुन र दोहोरो कार्य गर्न नसकिने हकमा पुनः बोलपत्र/दरभाउपत्र गर्न उपयुक्त नहुने हन्छ । यि विषय समेतलाई ध्यानमा राखी छलफल र निर्णय हुनुपर्ने देखिन्छ ।

३.प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

प्रतिष्पर्धाबाट कार्य भएका र विनियोजित रकममा संझौता भइ बाँकी रहेका कार्यहरूको सूची संलग्न छ । यस सुची अनुसार माथि सान्दर्भिक कुरामा उल्लेख भए बमोजिम कार्य गर्न सक्ने योजना तथा कार्यक्रमहरू र जनतालाई प्रत्यक्ष लाभ पुग्ने खालका कार्यक्रमहरू मात्र पुनः वोलपत्र वा दरभाउपत्र गर्नु मनासिब देखिन्छ । भइसकेका कामको हकमा पुनः गर्नपर्ने समान प्रकृतिका काम बाँकी भएको हकमा वा गर्नै पर्ने आवश्यकताका र संभावनाका आधारमा निर्णय हुनु आवश्यक छ ।

४.निर्णय हुनुपर्ने व्यहोराः

साविकमा लक्ष अनुसार सम्पादन भइसकेका तर गर्नैपर्ने र नागरिकलाई प्रत्यक्ष सेवा पुऱ्याउने देहायका कार्यक्रमहरूको लागि पुनः बोलपत्र/दरभाउपत्र आह्वान गर्ने

- जस्तापाता खरिद
- औषधी खरिद
- वेयलफेयर गढी मन्दिर सिढी मार्ग
- पर्यटन भवन पौवा भन्ज्याङ्ग

वैठक संख्या:- ५१औं

वैठक मिति:- २०७७/१२/१९

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मिति:–२०७७/१२/११

प्रस्ताव नं.- १६

विषय:– दोभानका अग्नीपिडितलाई राहत सम्बन्धमा।।

१.विषय र विषयको संक्षिप्त व्यहोरा:

ताप्लेजुङको मेरिङदेन गाउँपालिकाको दोभान बजारमा गत फागुन १८ गतेका दिन भिषण आगलागी भइ नागरिकको धनसम्पतिको क्षति भएको सबैलाई जानकारी नै छ। फिदिम नगरपालिकाबाट उक्त दिन तथा अर्को दिन समेत गरी २ दिन वारूणयन्त्र पठाइ अग्नी नियन्त्रण भएको थियो।

२.प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा:

आकस्मिक विपद्मा नागरिकहरूको सुरक्षा र राहत तथा उद्धार गर्नुपर्ने पर्ने दायित्व सरकारको हुन्छ। विपदमा एक स्थानीय तहले अर्को स्थानीय तहसंग सहकार्य साझेदारी र समन्वय गर्नु पनि आवश्यक छ। स्थानीय सरकार सञ्चालन ऐनको दफा २६ ले यसमा निर्देशित पनि गरेको छ। एकद्वार पद्धतिबाट राहतका काम हुन उपयुक्त हुन्छ। यसै विषयलाई दृष्टिगत गरी मेरिङदिन गाँउपालिकामा फिदिम नगरपालिकाका पदाधिकारी गइ राहतका लागि केही सहयोग र सद्भाव व्यक्त गर्नु आवश्यक पनि देखिएको छ। व्यक्तिगत रूपमा पनि सहयोग गर्न सकिन्छ।

३.प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको राय:

संस्थागत हिसावले विपद्को जोखिमबाट पिडित छिमेकी जिल्लाको गाँउपालिकाका नागरिकलाई फिदिम नगरपालिकाले सानो सहयोग गर्दा सकारात्मक सन्देश प्रवाह हुन्छ। यसैका लागि फिदिम नगरपालिकाको प्रकोप व्यवस्थापन कोष तथा विपद् व्यवस्थापन कोषमा विनियोजित रकममध्येवाट केही रकम निर्णय गरी सम्बन्धित गाँउपालिकामा नै गइ चेक हस्तान्तरण गर्न उपयुक्त हुन देखिएको छ। यसका लागि कार्यपालिकाले निर्णय लिनुपर्ने देखिन्छ।

४.निर्णय हुनुपर्ने व्यहोरा:

मेरिङदिन गाँउपालिका दोभान बजारका अग्नीपिडित नागरिकलाई राहत प्रदान गर्न फिदिम नगरपालिकाको विपद व्यवस्थापन कोषबाट रू. १०५ हजारको चेक मेरिङदेन गाउपालिकाको विपद व्यवस्थापन कोषमा हस्तान्तरण गर्ने।

बैठक संख्याः- ५१औं

बैठक मितिः- २०७७/१२/१९

प्रस्ताव पेश गर्ने अध्यक्षबाट स्वीकृति प्राप्त मितिः–२०७७/१२/११

प्रस्ताव नं.- १७

विषयः– राष्ट्रिय जनगणना, २०७८ सम्बन्धमा।

१.विषय र विषयको संक्षिप्त व्यहोराः

यहि २०७८ जेठ २५ देखि असार ८ सम्म राष्ट्रिय जनगणनाको कार्य हुँदैछ। २०७८ को चैत्र १ देखि नै विभिन्न चरणका कार्यक्रम सञ्चालन हुँदैछन । सबै नागरिकलाई गणनामा सामेल हुन सन्देश प्रवाह गर्नुपर्ने हुन्छ । नगरपालिकाको तथ्याङ्क त्रुटी रहित ढंगबाट आयो भने आगामी १० वर्षका लागि नगरपालिकाले समेत योजना तथा कार्यक्रम तिनै तथ्यका आधारमा सञ्चालन गर्न सक्ने हुन्छ।

२.प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

राष्ट्रिय जनगणना २०७८ सञ्चालन गर्नका लागि यस जिल्लामा जिल्ला जनगणना कार्यालय स्थापना, स्थानीय जनगणना अधिकारी नियुक्ति, तिनको क्षमता विकास, स्थानीय कार्यालय स्थापना, जनगणना सामग्री स्थानीय तहमा पठाउने लगायतका कार्य हुँदैछन र हुनेछन। स्थानीय र वडास्तरीय जनगणना सहजीकरण समिति समेतको व्यवस्था छ। "मेरो गणना, मेरो सहभागीता" भन्ने राष्ट्रिय नारा छ।

३.प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

राष्ट्रिय जनगणना २०७८ हरेक १०/१० वर्षमा गरिने एक वृहद् राष्ट्रिय कार्यक्रम हो। राज्य हरेक नागरिकको घरघरमा एकदमै छोटो अवधि (जेठ २५ देखि असार ८) मा पुग्ने कार्यक्रम हो। यसमा विभिन्न समुहका आ-आफ्नै इच्छा चाहना पनि हुने गरेका छन। यसबाट नागरिकमा गलत सन्देश पनि संप्रेषण हुन सक्ने स्थिति वन्न सक्छ। यसर्थ स्थानीय जनगणना सहजीकरण समितिले अबका दिनमा यस विषयमा नागरिकलाई सही सूचना र सन्देश दिइ गणक तथा खटिने अन्य सेवाप्रदायकहरूबाट माग भएका सूचना निसंकोच दिन आह्वान गर्नुपर्ने हुन्छ।

४.निर्णय हुनुपर्ने व्यहोराः

स्थानीय स्तरमा वडा जनगणना सहजीकरण समितिले सम्वन्धित निकायमा सम्पर्क गरी नागरिकलाई सूसूचित गर्न देहाय अनुसारका कार्य गर्ने गराउने निर्णय गरियो

१.प्रचार प्रसार सहित नागरिकलाई सही सूचना संप्रेषण गर्ने।

२.गणनामा कोही नछुट्ने र कोही नदोहोरिने गरी सहभागिता गराउने

३.व्यक्तिगत तथ्याङ्क संविधानको गोपनीयताको हक अन्तर्गत गोप्य रहने हुँदा सहि तथ्याङ्क दिन लगाउने।

४.अन्य आवश्यक सहजीकरण गर्ने।

बैठक संख्या:- ५१औं

बैठक मिति:- २०७७/१२/११

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मिति:–२०७७/१२/११

प्रस्ताव नं.- १८

विषय:– विपद जोखिम वस्ती र परिवार तथा खुला क्षेत्रको पहिचान र विवरण सम्बन्धमा।

१.विषय र विषयको संक्षिप्त व्यहोरा:

जोखिम वस्ती र परिबारलाई स्थानान्तरण गर्न तथा विपदको (आगलागी, भुकम्प, बाढि पहिरो, प्रदुषण र महामारी) वेला उद्धार गर्न खुला क्षेत्रको पहिचान गरी विवरण तयार गर्ने र तिनको विकास गर्ने योजना आवधिक योजनामा छ। स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा २ को खण्ड न मा विपद् व्यवस्थापनका कार्य छन।

२.प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा:

आवधिक योजना तथा स्थानीय तहको कार्य जिम्मेवारी मुताविक नै नगरभित्रका त्यस्ता वस्ती र परिवार तथा खुला क्षेत्र पहिचान गर्दै नागरिक सुरक्षा गर्नु स्थानीय तहको काम हो। त्यस्ता वस्ती वा संरचनाको स्थानान्तरण गरी सही ढंगबाट विकास गर्नु जरूरी छ। विपद्का विषयमा उद्धार र राहतमा भन्दा रोकथाममा ध्यान दिन पर्ने हुन्छ।

यसै वर्ष १४ वटै वडामा नेपाल रेडक्रस सोसाइटी पाँचथर शाखासंगको प्राविधिक सहयोगमा नगरको विपद सम्बन्धी वृहद कार्ययोजना निर्माणका लागि संझौता भइसकेको र कार्य प्रारभ्भ पनि भइ आजबाटै चोकमागुबाट शुरू हुँदैछ। यस कार्यमा सबै जननिर्वाचित पदाधिकारी परिचालन गर्ने र उपयुक्त पृष्ठपोषण दिइ विपद र त्यस संग सम्बन्धित भुउपयोग सम्बन्धमा समेत सही कार्ययोजना वनाउन सहयोग गर्नुपर्ने दायित्व रहेको छ।

३.प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको राय:

नगरपालिका भित्रका जोखियुक्त वस्ती तथा घर र अन्य संरचनाको सुरक्षा गर्नु स्थानीय सरकारको दायित्व हो। स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा २ को खण्ड न मा विपद व्यवस्थापन सम्बन्धी विभिन्न कामहरू तोकिएको छ। तिनै कामहरू मध्ये यो पनि एक हो। त्यस्ता क्षेत्रहरूको तथ्याङ्क संकलन गरी स्थानीय विपद व्यवस्थापन समितिमा पेश गरेमा राष्ट्रिय विपद व्यवस्थापन समितिले कार्यक्रम दिन सक्ने भएकोले सो कार्य गरी जिल्ला विपद व्यवस्थापन समितिमा सिफारिस गर्नु पर्ने भएको हो।

४.निर्णय हुनुपर्ने व्यहोरा:

क) वडा विपद् व्यवस्थापन समितिबाट जोखिमयुक्त र स्थानान्तरण गर्नुपर्ने परिवार र वस्तीको पहिचान गरी विवरण तयार गर्ने।

ख) त्यस्ता परिवार, वस्ती तथा खुला क्षेत्रको विकास गर्न योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने गराउने।

वैठक संख्याः- ५१औं

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः–२०७७/१२/११ वैठक मितिः- २०७७/१२/११

प्रस्ताव नं.- १९

विषयः– प्रोत्साहान भत्ता भुक्तानी सम्बन्धमा ।।

१.विषय र विषयको संक्षिप्त व्यहोराः

विगत २०७६ पौष देखि विश्वमा महामारीको रूपमा फैलिएको कोभिड १९ भाइरसका कारण जनजीवन आतंकित वनेको थियो। उक्त अवधिमा विदेश वा जिल्ला बाहिरबाट जिल्लामा आउने नागरिकहरूलाई क्वारन्टाइनमा राख्ने, खाने, वस्ने, उपचार वा परीक्षण गर्ने आदि व्यवस्था मिलाई नगरपालिकाले ४ स्थान (फिदिम मावि श्रोतकेन्द्र, पाँचथर क्याम्पस र कृषि सामग्रीको भवन)मा क्वारेन्टाइन र एक स्थानमा आइसोलेसनको व्यवस्था मिलाएको थियो । ति केन्द्रहरूमा स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा अन्य व्यवस्थापकीय कर्मचारी समेत खटाएको थियो। त्यस समयमा महामारी नफैलियोस भन्ने अभिप्रायले बाहिरबाट जिल्ला वा गाँउ पसेका व्यक्तिलाई परीक्षण नगरी क्वारेन्टाइन बाट बाहिर जान निषेध नै गर्ने गरिएको थियो।

२.प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

यसै सन्दर्भमा पाँचथर जिल्लाका सबै पालिकाका नागरिक र छिमेकी जिल्लाका नागरिकसमेतलाई यस नगरपालिकाको क्वारेन्टाइनमा राखिएको थियो। जिल्ला समन्वय समितिको पहलमा सबै पालिकाका प्रमुख र सरोकारवालाहरूको सहभागीतामा मितव्ययीता र स्वास्थ्य सेवा तथा सुरक्षाको दृष्टीले अन्य पालिकाका मानिसलाई समेत फिदिमकै क्वारेन्टाइन र आइसोलेसनमा राख्न समझदारी गरिएको थियो। यसका लागि लाग्ने खर्च पनि साझेदारी गर्ने भन्ने सहमती भएको थियो।

३.प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

त्यस वखत स्वास्थ्यकर्मीहरूले जोखिमका कारण काम गर्न नसक्ने भनि माग दवाव गरेको कारण फिदिम नगरपालिकाका नागरिकको परीक्षण गरेको हकमा वढीमा २ जना स्वास्थ्यकर्मी विशेष गरी ल्याव टेक्निसियनलाई १ जनाको एकपटक परीक्षण वा नमुना संकलन गरेवापत रू एक/एक सयका दरले प्रोत्सहान भत्ता दिने भनि नगरकार्यपालिकामा निर्णय भएको थियो। तर अन्य पालिकाका मानिसको पनि परीक्षण गरिएको र अन्य पालिकाबाट पनि लागत साझेदारी गर्ने सहमती भएको अवस्था रहेकोले हाल नगरपालिकामा पेश हुन आएको विवरण र खर्च भुक्तानी दिइ सम्बन्धित पालिकाबाट लागत साझेदारी आउन बाँकी भएको हकमा पुनः ताकेता गरी देहाय अनुसार प्रोत्साहन भत्ता भुक्तानी विपद व्यवस्थापन कोषबाट खर्च लेखि गर्न उपयुक्त देखिन्छ।

४.निर्णय हुनुपर्ने व्यहोराः

आरडिटी र पिसिआर नमुना संकलन तथा परीक्षण गरेबापत काममा संलग्न प्राविधिक कर्मचारीलाई देहाय अनुसारको प्रोत्साहान भत्ता भुक्तानी दिने।

१. ल्या.टे. रमा पाण्डे – रू. ६७८००
२. ल्या.टे. खगेन्द्र राजवंशी- रू. ७५५००
३. ल्या.टे.हरिमाया हेल्लोक- रू. ७५५००
४. सहयोगी अ.ल्या.टे.सुस्मिमा लावती-रू. ४३९००

वैठक संख्याः- ५१औं

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः–२०७७/१२/११ वैठक मितिः- २०७७/१२/१९

प्रस्ताव नं.- २०

विषयः– विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम अनुमोदन सम्बन्धमा ।

१.विषय र विषयको संक्षिप्त व्यहोराः

आ.व. २०७७/७८ मा स्वीकृत फिदिम नगरपालिकाको बार्षिक कार्यक्रम अन्तर्गत सि.नं. ९१ मा **वन वातावरण र विपद व्यवस्थापन तथा जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम** भनि एकमुष्ट **रू १५ लाख** विनियोजन गरिएको थियो। सो कार्यक्रम अन्तर्गत कुन स्थानमा के काम गर्न भनि स्पष्ट गरि बार्षिक कार्यक्रममा राखिएको थिएन। यस्ता अमुक र अस्पष्ट कार्यक्रम राख्नु उचित पनि होइन। यसले स्थानीय सरकारको पारदर्शिता र क्षमतामा पनि प्रश्न खडा गर्न सक्दछ। यद्धपि विपद् भन्ने विषय आकस्मिक हो र आवश्यकताका आधारमा तत्काल गर्नुपर्ने पनि हुनसक्दछ। यही हुनाले सो कार्यक्रम एकामुष्ट प्रस्ताव गरिएको हुनसक्दछ।

२.प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

यस्ता एकमुष्ट कार्यक्रमलाई विषयगत समिति र कार्यपालिकाले निर्णय गरी तथ्यगत रूपमा बाँडफाँट हुने गरेका छन। यसमा पनि विपद् व्यवस्थापन समितिले मिति ... मा निर्णय गरी कार्यक्रम र विनियोजन वाँडफाँट सिफारिस गरेको छ। उक्त कार्यक्रम र विनियोजन संलग्न गरिएको छ।

३.प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

प्रस्तावित कार्यक्रममध्ये पनि आवश्यकताका आधारमा कुन कार्यक्रममा कति विनियोजन गर्ने र कुन कार्यक्रम कहाँ कुन प्रकृयाबाट सञ्चालन गर्ने भन्ने निर्क्यौल गर्न जरूरी हुन्छ। यहि सन्दर्भमा विपद् व्यवस्थापनका फोकल पर्सन तथा विपद व्यवस्थापन समितिको वैठकबाट सिफारिस भएका संलग्न कार्यक्रमलाई यथावत वा संशोधन सहित पारित गर्न पर्ने देखि पेश गरिएको हो।

४.निर्णय हुनुपर्ने व्यहोराः

यसमा देहाय अनुसार गर्ने।

क. कार्यक्रम र विनियोजन देहाय अनुसार संशोधन गर्ने।

| सि.नं. | कार्यक्रमको नाम | संचालन स्थान | विनियोजन | सञ्चालन प्रकृया |
|---|---|---|---|---|
| १ | विपद प्रतिकार्य योजना तयारी | १४ वटा वडाभित्र | २ लाख | नेरेसो संगको संझौता |
| २ | असिने पहिरो रोकथाम | वडा नं ७ | ३ लाख | १०५ |
| ३ | अत्यावश्यक सेवा केन्द्रका लागि सामग्री | फिनपा | ५ लाख | |
| ४ | जनचेतना तथा वृक्षारोपण कार्यक्रम | फिनपा ३ | ५ लाख | जनहित केन्द्रसँगको सम्झौता |

वैठक संख्याः- ५१औं

वैठक मितिः- २०७७/१२/१९

प्रस्ताव पेश गर्ने अध्यक्षबाट स्वीकृति प्राप्त मितिः–२०७७/१२/११

प्रस्ताव नं.- २१

विषयः– प्रदेश समपुरक कोषबाट सञ्चालन हुने आयोजना सम्बन्धमा ।

१.विषय र विषयको संक्षिप्त व्यहोराः

हरेक आ.व.मा समपुरक अनुदान अन्तर्गत संघ र प्रदेश सरकारले स्थानीय तहमा पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको संभाव्यता, लागत, कार्यान्वयन क्षमता र जनशक्ति व्यवस्था तथा योजनाको आवश्यकता र प्राथमिकताका आधारमा योजनाको लागत अनुपात तथा आयोजना कार्यान्वयन कार्यविधि तथा नेपाल सरकारले निर्धारण गरेका कार्यविधि बमोजिम समपुरक अनुदान प्रदान र प्राप्त गर्न सक्ने व्यवस्था अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० मा गरेको छ ।

२.प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

यसै सन्दर्भमा प्रदेश सरकारले समपुरक अनुदान अन्तर्गत २ वटा योजनाहरूको विस्तृत विवरण तयार गरी समपुरक कोषको समेत व्यवस्था गर्ने प्रतिबद्धता सहित योजना सिफारिस गर्न लेखि आएको छ । यसमा विगतमा प्रदेश समपुरककोष अन्तर्गत यस नगरपालिकामा २ वटा योजना निर्माणाधिन छन । पहिलो फिदिम रंगशाला, चोकमागु र दोश्रो सरस्वती मा वि भवन निर्माण, चोकमागु । हाल ति योजना अधुरा रहने र अधुरा योजनालाई पुरा गर्नुपर्ने आवश्यकता रहन जाने हुन्छ । साथसाथै अहिले नयाँ योजना प्रस्तावित गर्न ति योजना अधुरा रहने र नयाँ योजनाको विस्तृत विवरण तथा आवश्यक प्राविधिक कार्य गर्न नभ्याइने हुँदा साविकमा नै प्राविधिक प्रकृया पुरा भइसकेका तिनै अधुरा योजनाहरूलाई पुरा गर्ने गरी प्रस्ताव गर्न मनासिब देखिन्छ ।

३.प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

प्रदेश सरकारले समपुरक अनुदानमा नै योजना प्रस्ताव गर्न लेखि निर्देशन गरेको । विगतमा प्रदेश सरकारबाटै समपुरक अनुदानमा चालु रहेका योजना अधुरा रहेको । प्राविधिक प्रतिवेदन बनिसकेका योजनाहरू भएकोले तिनको छुट्टै थप प्राविधिक कार्य गर्नु नपर्ने । योजना समेत समयमा पुरा गर्दा दीगो र प्रभावकारी हुने ।

४.निर्णय हुनुपर्ने व्यहोराः

आ.व. २०७८/७९ का लागि प्रदेश सरकारको समपुरक अनुदान अन्तर्गत देहायका योजना प्रस्ताव गरी पठाउने र सो का लागि निर्देशन र कार्यविधि अनुसारको समपुरक कोषको व्यवस्था मिलाउने ।

क. फिदिम रंगशाला निर्माण सुधार फिदिम न.पा. ५ चोकमागु

ख. सरस्वती मा वि चोकमागु भवन निर्माण फिदिम न पा ५ चोकमागु

बैठक संख्याः- ५१औं

बैठक मितिः- २०७७/१२/१९

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः–२०७७/१२/११

प्रस्ताव नं.- २२

विषयः– जिससबाट प्राप्त ढुंगा, गिटी, बालुवा उत्खनन र पूर्वाधार आयोजना सम्बन्धी प्राप्त अनुगमन प्रतिवेदन सम्बन्धमा।

१.विषय र विषयको संक्षिप्त व्यहोराः

पौष महिनामा नगरपालिका भित्र सन्चालन भएका नदीजन्य र भुमिबाट उत्खनन गर्ने कार्यहरूको अनुगमन गरिएको थियो। यस विषयमा विभिन्न स्थानमा भएका कार्य र तिनको अवस्थाको विषयमा जानकारी दिएको छ। जोखिमको स्थिति समेत खुलाएको छ। अवस्थिति समेत उल्लेख छ। मेसिन औजारको उपयोगको अवस्था तथा जग्गाधनीको विवरण समेत उल्लेख छ।

२.प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

यसरी वातावरणीय दृष्टी तथा सुरक्षाको हिसाबले जोखिम हुने गरी उत्खनन गर्न नपाउने कानूनी व्यवस्था छ। उत्खनन गर्दा समेत दर्ता नगरी व्यक्तिगत रूपमा गरेको स्थिति छ। यस बाट नगरको वातावरणमा प्रभाव पर्ने तर राजश्व नआउने अवस्था रह्यो। यसलाई नियमन गर्ने जिम्मेवारी पनि नगरपालिकाकै हुन आउदछ।

३.प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

यस्ता उद्योगलाई नियमन गर्नु स्थानीय तहको जिम्मेवारी हो। वातावरण संरक्षण जिम्मेवारी पनि स्थानीय तहकै हो। यस सम्बन्धमा कानून वनाइ नियमन गर्नु जरूरी छ। विभिन्न आयोजनाबाट वातावरणीय अध्ययन गरेर पनि यस्ता काम भएको भएता पनि तिनको समेत नियमन गरी सूचीकरण गरिएको छैन। यो गर्नु पर्ने देखियो।

४.निर्णय हुनुपर्ने व्यहोराः

क. स्थानीय कानून बनाइ यस किसिमका कामको नियमन गर्ने।

ख. त्यस्ता व्यावसायको दर्ता सूचीकरण गर्ने व्यवस्था मिलाउने।

ग. वातावरण संरक्षणका लागि आवश्यक कार्यक्रम गर्ने गराउने व्यवस्था मिलाउने।

घ.निर्मित संरचनाहरूलाई हानी नोक्सानी नहुने व्यवस्था मिलाउने।

वैठक संख्याः- ५१औं

वैठक मितिः- २०७७/१२/१९

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः–२०७७/१२/११

प्रस्ताव नं.- २४

विषयः–कार्यविधि निर्देशिका पारित गर्ने सम्बन्धमा।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

फिदिम नगरपालिकाको कार्यसम्पादनलाई व्यवस्थित पारदर्शी र विधिवत वनाउन विभिन्न विषयसंग सम्बन्धित कार्यविधि निर्देशिकाहरूको मस्यौदा तयार गर्न विधायन समितिलाई अधिकार दिने गरिएको छ। विधायन समितिले वनाइएका ऐन ,नियम, विनियम, निर्देशिका, कार्यविधि, मापदण्ड आदिको पुनरावलोकन गर्नुपर्ने दायित्व पनि छ। हामीले वनाएका यस्ता कानूनको कार्यान्वयन पक्षको र त्यसमा सुधार गर्नुपर्ने विषयहरूको पनि अध्ययन जरूरी छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

हालै नगरमा संघीय र प्रदेशका आयोजनाहरू कार्यान्वयन गर्न उपभोक्ता समिति गठन गर्नका लागि आवश्यक भएको भनि जनप्रतिनिधिहरूबाटै विषय उठान भएको छ। त्यस्ता उपभोक्ता समितिको निरन्तरता पारदर्शिता र योगदानको सुनिश्चितता गर्न पनि विधि आवश्यक छ। योजनागत उपभोक्ता बनाउने, योजना सकिएपछि उपभोक्ताको जिम्मेवारी पनि सकिने पद्धतिले गर्दा योजनाको दीगोपनमा पनि ह्रास आएको छ। आफ्नो विकास आफै गरौं भन्ने भावनाको पनि ह्रास हुँदैछ। यसले हामीलाई गन्तव्यमा पुर्‍याउन बाधा पुगिरहेको स्थिति छ।

यसै गरी विभिन्न योजनाहरूमा चाहिने निर्माण सामग्रीको उत्खनन, प्रशोधन र वितरण कार्यले वातावरणीय जोखिम वढाइरहेको छ। त्यस्ता व्यावसायहरू नगरपालिकाको करको दायरामा पनि आएका छैनन। यसले एकातिर वातावरणीय जोखिम वढाएको छ भने अर्को तिर नगरको आय र व्यावसाय विधिवत सञ्चालन नभएको स्थिति छ। यस सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा २ को खण्ड ञ(६) र खण्ड न तथा प (७) समेत आकर्षित हुन्छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

यि दुवै कामलाई व्यवस्थित रूपमा सञ्चालन गर्न तयार भएका कार्यविधिहरूको अध्ययन अवलोकन र पुनरावलोकन गरी पारित गर्नुपर्ने हुन्छ। स्थानीय राजपत्रमा प्रकाशितं गरी सूचना पाटीमा समेत सार्वजनिक गर्ने र वेवसाइटमा समेत राखेर कार्यान्वयन गर्नु आवश्यक छ।

४. निर्णय हुनुपर्ने व्यहोराः

देहायका कार्यविधिका मस्यौदा पारित गरी स्थानीय राजपत्रमा प्रकाशित गर्ने। सूचना पाटीमा र वेवसाइटमा सार्वजनिक गर्ने।

क) टोल वस्ती बिकास उपभोक्ता समूहासमिति (सञ्चालन र व्यवस्थापन) कार्यविधि, २०७७

ख) प्राकृतिक श्रोत (उत्खनन, व्यावसाय अनुमति, दर्ता, नविकरण, नियमन) कार्यविधि, २०७७

ग) प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७

घ) स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७७

बैठक संख्याः- ५१औं

बैठक मितिः- २०७७/१२/१९

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः–२०७७/१२/११

प्रस्ताव नं.- २५

विषयः– राष्ट्रपति रनिङ शिल्ड सञ्चालन सम्बन्धमा।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

नगरपालिकाको आ.व. २०७७/७८ को वार्षिक विकास कार्यक्रमको सि.नं.४१ मा खेलकुद प्रशिक्षक तालीम राष्ट्रपति रनिङशिल्ड र खेलकुद विकास कार्यक्रम राखी कुल बजेट ६ लाख स्वीकृत भएको छ। यसको कार्यान्वयनमा शिक्षा शाखाले काम गरिरहेको छ। यसै गरी राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता स्थानीय तहस्तरीय भनि शशर्त कार्यक्रममा समेत १ लाख विनियोजन प्राप्त भएको छ। यि कार्यक्रमहरू गतसाल समेत कोरोना भाइरसको कारण सञ्चालन भएनन। यस वर्ष पनि हालसम्म यस सम्बन्धमा कुनै प्रयास पहल र प्रयत्न भएको छैन। यस विषयमा के कस्ता कार्यक्रम गर्ने हो। यकिन हुनु जरूरी छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

अन्य पालिकाहरूले राष्ट्रपति रनिङशिल्ड सम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेको बुझिएको छ। यस नगरपालिकामा पनि राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन गर्ने या नगर्ने निर्णय हुन जरूरी छ। साथसाथै खेलकुद विकासः प्रशिक्षक प्रशिक्षण लगायतका कार्यक्रममा के कति रकमबाट कसरी कुन प्रकृयामा कहाँ कहाँ कुन खेलका लागि सञ्चालन गर्न सकिने हो यकिन हुन जरूरी छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

खेलकुद अनुशासन र शारिरिक तन्दुरूस्तीका लागि आवश्यक हो। यसमा राष्ट्रपति रनिङशिल्ड स्थानीय तहबाट शुरू गरी राष्ट्रिय तहसम्मकै प्रतियोगितात्मक खेलकुदको कार्यक्रम हो। यो अनिवार्य गर्नुपर्ने हुन्छ। यसका लागि लागत अनुमान तयार गरी जिल्ला खेलकुद विकास समितिको व्यवस्थापनमा सञ्चालन गर्नु उपयुक्त हुन सक्दछ। राष्ट्रपति रनिङशिल्ड सन्चालन पछि सो शिर्षकमा रकम वचत हुन गएमा अन्य क्षेत्रगत खेलकुद विकास र तिनका प्रशिक्षकको प्रशिक्षणमा खर्च गर्न समेत जिल्ला खेलकुद विकास समितिको संयोजनमा नगरपालिकाले कार्य गर्नु उपयुक्त हुन सक्ने देखिन्छ।

४. निर्णय हुनुपर्ने व्यहोराः

जिल्ला खेलकुद विकास समितिसंग वा नगर खेलकुद विकास समितिसंग प्रस्ताव आह्वान गर्ने। विधिवत प्रस्ताव स्वीकृति र संझौता गरि खेलकुद विकास र राष्ट्रपति रनिङशिल्ड सञ्चालन गर्न गराउन शिक्षा शाखालाई निर्देशन दिने।